माडी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## घर्तिगाउँ, रोल्पा

### लुम्बिनी प्रदेश , नेपाल

प.स :२०७७/०७८
च.नं.: ४६०
मिति :-२०७७/०७/०३

विषय : नदिजन्य पदार्थ उत्खनन् ठेक्का सम्बन्धि सूचना।

यस गाउँपालिका क्षेत्र भित्र माडी तथा चिउरागाड खोला क्षेत्रबाट ढुङ्गा, गिट्टी र बालुवा लगायतका नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन तथा विक्री वितरण कार्यका लागि यस कार्यालयबाट मिति २०७७।०६।२१ मा प्रकाशित सूचना बमोजिम श्री मगर प्रमोद निर्माण सेवा प्रा.लि., माडी १, रोल्पाको दरभाउपत्र स्वीकृत भएको हुँदा आ.व. २०७७।७८ का लागि गाउँपालिका क्षेत्रबाट ढुङ्गा, गिट्टी र बालुवा लगायतका नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन तथा विक्री वितरण कार्य सो निर्माण सेवा प्रा.लि. मार्फत यस गाउँ कार्यपालिकाले तोकेको दररेट बमोजिम हुने व्यहोरा सबै सरोकारवालाहरूको जानकारीका लागि अनुरोध छ।

नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन तथा विक्रीका लागि यस गाउँपालिकाबाट प्रमाणित गरिएको सो निर्माण सेवाको रसिद अनिवार्य लिनु हुनेछ। अन्यथा, नदीजन्य पदार्थ अवैध ठहर गरी कानुन बमोजिम कार्यवाही हुने व्यहोरा समेत अनुरोध छ।

(सबिन सिंह चौधरी )
प्रमुख प्रशासकीय अधिकृत

E-mail: madigump73@gmail.com Phone : 086416036